म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ | अङ्क:- ३९ | २०८० पुस ११ गते बुधबार 27 December 2023, Wednesday - | पृष्ठ ४ | मूल्य रु. ५/-

• व्यक्तिगत सवारीको सट्टा ठूला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारी साधनको प्रयोग बढाऔं ।
• डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं ।
• आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदुषण जाँच गरौं ।
प्रदुषण घटाऔं’, वातावरण जोगाऔं’ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**योमरी सेल्फीः** धान्य पूर्णिमाको अवसरमा मंगलबार हेटौंडा बजारको बुद्धचोकमा आयोजित निशूल्क योमरी वितरण कार्यक्रममा योमरी लिएर सेल्फी खिच्दै एक समूह । नेवा देय् दबु मकवानपुर र नेवा साँस्कृतिक पुचःले छुट्टाछुट्टै स्टल राखेर निशूल्क योमरी वितरण गरेको थियो । योमरी खानका लागि सर्वसाधारणको उल्लेख्य भीड लागेको थियो । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले दुबै स्टलमा योमरी वितरण कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

# सामुदायिक अस्पताललाई स्वास्थ्य उपकरण हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडाले सिद्धस्थली ग्रामीण सामुदायिक अस्पताललाई स्वास्थ्य उपचारमा प्रयोग हुने उपकरण हस्तान्तरण गरेको छ । मंगलबार बिहान रोटरी क्लब अफ हेटौंडाले हेटौंडा-६ स्थित सामुदायिक अस्पतालमै पुगेर उपकरण हस्तान्तरण गरेको हो ।

क्लबका अध्यक्ष स्वागत राज प्याकुरेलले अस्पतालकी प्रतिनिधि समीक्षा बराल र वडाअध्यक्ष विष्णुबहादुर दाहाललाई ७७ लाख ५० हजार रुपैयाँ रकम बराबरको ५ वटा उपकरण हस्तान्तरण गर्नु भएको हो । रोटरीले लाईसेन्स पूर्णप्रणाली, वायोकेमेस्ट्री एनालाइजर, प्राइम स्क्यानर, युरिन एनालाइजर र हेमोप्रोटिन टेस्टिङ सिस्टम हस्तान्तरण गरेको हो । रोटरी क्लबका अध्यक्ष प्याकुरेलका अनुसार क्लबको यो तेस्रो विश्वव्यापी अनुदान रहेको छ । रोटरीले पहिला खानेपानी परियोजना र आँखा अस्पताललाई उपकरण हस्तान्तरण गरेको थियो । स्थानीयले कम शुल्कमा प्रभावकारी स्वास्थ्यजाँच पाउन भन्ने अपेक्षा रोटरीले राखेको प्याकुरेलले बताउनुभयो ।

प्याकुरेलले सामुदायिक अस्पताल भएकोले समुदायमा बस्ने मानिसको अस्पतालप्रति योगदान र जिमेवारी हुने बताउनुभयो । हस्तान्तरण कार्यक्रममा रोटरी इन्टरनेशनलअन्तर्गत नेपाल-भुटानको सहायक गभर्नर रामप्रसाद शर्मा, हेटौंडा-६ का वडा अध्ययक्ष विष्णु बहादुर दाहाल, रोटरी क्लब अफ हेटौंडाका निवर्तमान अध्यक्ष सुयष पराजुली र रोटरीका पूर्व अध्ययक्ष ऋषिराम घिमिरे, लोखराज पोखरेल, सचिव किशोर पराजुली लगायतको उपस्थिति रहेको थियो । रोटरी क्लबले आगामी दिनहरुमा विद्यार्थीका लागि दन्त शिविर आयोजना गर्ने सचिव पराजुलीले बताउनुभयो ।

सिद्धस्थली अस्पताल ग्रामीण सामुदायिक अस्पताल २०८१ सालबाट सञ्चालनमा आउने अस्पतालककी स्वयम्सेविका गोमा गौतमले जानकारी दिनुभयो । गौतमका अनुसार अस्पतालमा चाहिने सामग्री नआएका कारण अस्पताल सञ्चालनमा ढिलाई भइरहेको छ । सामुदायिक अस्पतालले सुरुमा सामान्य स्वास्थ्य सेवा दिनेछ भने पछि अस्पताललाई मुटु विशेष अस्पताल बनाउने उहाँले बताउनुभयो । अस्पतालको भवन ५ तल्लामा नक्सा पास भएको छ भने अस्पताल १५ शैयामा निर्माण भइरहेको छ । ग्रामीण अस्पतालको भवन ६ देखि ७ करोडमा निर्माण हुँदैछ । गौतमका अनुसार पहिलो चरणमा अस्पतालले प्रयोगशालालाई धेरै प्राथमिक दिएको छ ।




*उपकरण हस्तान्तरणसम्बन्धी पत्र आदानप्रदान गरिँदै ।*

# बुद्ध माविलाई क्याम्पस बनाउन सप्ताह

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-३ स्थित बुद्ध माविलाई बहुमुखी क्याम्पस बनाउन सप्ताह महायज्ञ सुरु भएको छ । मंगलबार बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले सप्ताहव्यापी प्रवचनसहितको महायज्ञ उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा मन्त्री मोक्तानले क्याम्पस निर्माण गर्न प्रदेश सरकारले अभिभावकत्व लिने बताउनुभयो । सप्ताहव्यापी कार्यक्रममा पण्डित दीपकप्रसाद पौडेलले प्रवचन गर्नुहुनेछ ।

क्याम्पस सञ्चालनका लागि धेरै दाताहरुबाट सहयोग जुटाउने उद्देश्यले कार्यक्रम गरिएको विद्यालयका प्रधानाध्यापक प्रेम बोम्जनले जानकारी दिनुभयो । कार्यक्रममा क्याम्पस निर्माणका लागि सहयोग गर्न चाहने दाताहरुले उपस्थित भएर सहयोग गर्न सक्नेछन् । महायज्ञ १८ गतेसम्म सञ्चालन हुनेछन् ।

कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा अहिले १ हजार १ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापक बोम्जनले बताउनुभयो । कक्षा ११ र १२ मा मात्र २ सय जनाभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । शिक्षा र वाणिज्य संकाय अध्ययन अध्यापन भइरहेको विद्यालयमा कक्षा ११ मा १ सय ३० जना र कक्षा १२ मा ८९ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

बहुमखी क्याम्पस सञ्चालन भइसकेपछि मानविकी संकायलाई थप गर्ने लक्ष्य लिएको प्रधानाध्यापक बोम्जनले बताउनुभयो । तीन संकाय सञ्चालन गर्दा करिब ५०-६० लाख रुपैयाँ खर्च हुने उहाँको अनुमान छ । अहिले विद्यार्थी आकर्षणका लागि कार्यक्रम अगाडि बढाइरहेको उहाँले बताउनुभयो ।

बुद्ध माविमा बहुमुखी क्याम्पस सञ्चालन भइसकेपछि ग्रामीण भेगमा बसेर पनि स्नातक शिक्षा लिन सकिनेछन् । प्रायःगरी बागमती गाउँपालिकालगायतका अन्य ग्रामीण क्षेत्रका विद्यार्थीहरुले कम खर्चमा स्नातक शिक्षा लिन सक्ने प्रधानाध्यापक बोम्जनको भनाइ छ । विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष छाया अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा पालिकाका अध्यक्ष धर्मराज लामिछानेलगायतको आतिथ्य रहेको थियो ।

# प्रधानमन्त्री कप टिम छनोट क्रिकेटमा ओमनगर विजयी




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा जारी प्रधानमन्त्री कप क्रिकेट टिम छनोट प्रतियोगितामा ओमनगर क्रिकेट क्लब दोस्रो पटक विजयी भएको छ । मंगलबार हेटौंडा-४ स्थित हुप्रचौरमा भएको खेलमा हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसलाई २४२ रनले पराजित गर्दै ओमनगर क्रिकेट क्लब विजयी भएको हो ।

टस जितेर पहिलो ब्याटिङ गरेको ओमनगरले निर्धारित ३५ ओभरमा ९ विकेट गुमाएर ३०२ रन बनाएको थियो । ओमनगरबाट शुभ कंसाकारले सर्वाधिक ३९ बलमा ७५ रन बनाएका थिए । गौरव खड्काले २८ बलमा ६८ रन, आशीष श्रेष्ठले ४७ बलमा ४१ रन, पिउस शर्माले १२ बलमा २४ रन, आस्तिक दहालले १८ बलमा २० रन, गोकुल अधिकारीले १० बलमा १६ रन र करण अग्रवालले २६ बलमा ९ रन जोड्न सफल भएका थिए ।

मकवानपुर क्याम्पसबाट इमरान आलमले सर्वाधिक ३ विकेट लिएका थिए । साकार गजुरेलले २ विकेट लिएका थिए । अस्मित कुमार, एमडी ताकिर शेख र सुमित वाग्लेले समान एक-एक विकेट लिएका थिए । जवाफी ब्याटिङमा उत्रिएको मकवानपुर क्याम्पसले १९ ओभर ४ बलमा १० विकेटको क्षतिमा ६० रनमात्र जोड्न सफल भएको थियो ।

मकवानपुर क्यामसबाट तवरेज आलमले सर्वाधिक १९ बलमा १९ रन बनाएका थिए । यस्तै, साकार गजुरेलले ५ रन, मिथिलेस गुप्ताले ६ रन बनाएका थिए । ओमनगरबाट पिउस शर्मा र अर्पणले समान ३-३ विकेट लिएका थिए । शुभ कंसाकारले २ विकेट लिएका थिए ।

दोस्रो पटकको हार व्यहोरेसँगै मकवानपुर क्याम्पस छनोट प्रतियोगिताबाट बाहिरिएको छ । प्रदेश क्रिकेट संघको सदस्य विनोद प्रधानको संयोजकत्वमा भएको प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल पुस १२ गते हुने क्रिकेट संघको सदस्य साजन कुमार शर्माले बताउनुभयो ।

खेलको म्यान अफ द म्याच ओमनगरबाट शुभ कंसाकार घोषित भएका छन् । प्रतियोगितामा सहभागी भएका खेलाडीहरुको प्रदर्शनीको आधारमा पहिलो चरणमा २२ जना खेलाडीहरु छनोट गरी दोस्रो पटक छनोट प्रतियोगितामा सहभागी गराउन प्रदेश पठाउने जनाइएको छ ।

गतवर्ष भएको प्रधानमन्त्री क्रिकेट प्रतियोगितामा मकवानपुरबाट ४ जना छनोट भएका थिए । छनोट हुनेमा रामनरेश गिरी, गौरव खड्का, रिजन ढकाल र शुभ कंसाकार रहेका थिए । प्रतियोगिताअन्तर्गत् बुधबार मकवानपुर क्रिकेट क्लब र रेड स्वाइल क्रिकेट क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

यसअघि आइतबार हेटौंडा-४ स्थित हुप्रचौरमा भएको खेलमा मकवानपुर क्याम्पस र ओमनगर क्रिकेट क्लबबीच भएको खेलमा पनि ओमनगरले मकवानपुर बहुमुखी क्याम्पसलाई १८१ रनले पराजित गरेको थियो । आइतबार टस जितेर पहिलो ब्याटिङ गरेको ओमनगर क्रिकेट क्लबले निर्धारित ३५ ओभरमा ९ विकेटको क्षतीमा २५० रन बनाउन सफल भएको थियो । ओमनगरबाट शुभ कंसाकारले ६३ रन, गौरव खड्काले विना आउट ३९ रन र गोकुल अधिकारीले ३९ रन बनाएका थिए ।

मकवानपुर क्याम्पसबाट सुमित वाग्लेले ३ विकेट लिएका थिए । मकवानपुर क्याम्पसबाट रोहित केसरीले १४ रन बनाएका थिए । ओम नगरबाट पिउस शर्माले ५ र रोहित ठाकुरले २ विकेट लिएका थिए । जवाफी ब्याटिङमा उत्रिएको मकवानपुर क्याम्पसले १७ ओभरमा सबै विकेट गुमाएर ६९ रनमात्र जोड्न सफल भएको थियो । मकवानपुरबाट रोहित केसरीले १० बलमा १४ रन बनाएका थिए । आइतबार भएको खेलको म्यान अफद म्याच ओम नगरका पिउस शर्मा घोषित भएका छन् ।

# आजदेखि एमाले मकवानपुरको बैठक

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले जिल्ला कमिटी मकवानपुरको पूर्ण बैठक तथा प्रशिक्षक प्रशिक्षण कार्यक्रम आज बुधबारदेखि हुने भएको छ । शुक्रबारसम्म हुने बैठक तथा प्रशिक्षण पार्टीका महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यमा हुने बताइएको छ । प्रमुख अतिथि महासचिव पोखरेलले पार्टीको दशौं महाधिवेशनको कार्यदिशामा जिल्ला कमिटीको पूर्ण बैठकलाई सम्बोधन गर्दै प्रशिक्षण दिनु हुने पार्टी जिल्ला कमिटी मकवानपुरका सचिव नवीन सिग्देलले बताउनु भयो ।

३ दिनसम्म सञ्चालन हुने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले मार्क्सवादी दृष्टिकोण, संगठन विभाग प्रमुख काशिनाथ अधिकारीले संगठन निर्माण, व्यवस्थापन तथा परिचालन, स्थायी कमिटी सदस्य तथा जनसंगठन संयन्त्र प्रमुख भानुभक्त ढकालले पार्टी र जनसंगठनबीचको अन्तर सम्बन्ध र परिचालन, स्थायी कमिटी सदस्य राजन भट्टराईले भू-राजनीतिक र परराष्ट्र सम्बन्ध, स्थायी कमिटी सदस्य तथा बागमती प्रदेश ईन्चार्ज गुरु वरालले

....बाँकी पृष्ठ ४ मा

# भीमफेदीमा भोलिदेखि राष्ट्रपति रनिङ शिल्ड

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकामा भोलि बिहीबारदेखि राष्ट्रपति रनिङ शिल्ड खेलकुद हुने भएको छ । पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता दुई दिनसम्म सञ्चालन हुनेछ ।

प्रतियोगितामा गाउँपालिकाका मावि तहका ८ वटा विद्यालयहरुबाट करिब ४सयभन्दा बढी विद्यार्थीहरुको सहभागिता रहने भैंसेस्थित कृष्ण माध्यमिक विद्यालयका खेलकुद शिक्षक दीपक पुडासैनीले जानकारी दिनुभएको छ । प्रतियोगिताअन्तर्गत् महिला तथा पुरुष भलिबल, एथ्लेटिक्स ज्याभलिङ थ्रो, सटपुट र हाइजम्प, लङजम्प, विभिन्न दुरीका दौडलगायत खेलहरु हुने खेलकुद शिक्षक पुडासैनीले जानकारी दिनुभयो ।

राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई समेटेर विद्यार्थीहरुलाई मनोरञ्जन गराउनका लागि र विद्यार्थीहरुका अन्य क्रियाकलापमा समावेश गराउनका लागि २०७६ सालदेखि प्रतियोगिताको आयोजना गर्न थालिएको शिक्षक पुडासैनीको भनाइ छ । पालिकास्तरीय प्रतियोगिताबाट हरेक खेलमा प्रथम र द्वितीय हुने खेलाडीहरु छनोट गरी जिल्लास्तरीय र जिल्लाबाट प्रदेशस्तरीय प्रतियोगितामा समावेश गराउने उहाँले बताउनुभयो ।

प्रतियोगिता आयोजनाका लागि गाउँपालिकाबाट २५ हजार रुपैयाँ बजेट प्राप्त भएको जनाइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुले समेत शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । गतवर्षको पालिकास्तरीय रनिङ शिल्ड प्रतियोगितामा वडा-२ स्थित कृष्ण माध्यमिक विद्यालय प्रथम भएको थियो ।

प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले मंसिर मसान्तसम्म पालिकास्तरीय प्रतियोगिता सम्पन्न गरी सक्नुपर्ने निर्देशन दिए पनि कतिपय पालिकाहरुमा समयमा प्रतियोगिताको आयोजना हुन सकेको छैन ।

# हामी समूह बनाएर पढ्ने गर्छौं

विद्यालयमा नियमित पठनपाठन भइरहेको छ । कक्षाकोठाको पठनपाठन व्यस्त विद्यार्थीलाई हामीले नियमित कुराकानी गर्दै आएका छौं । यसै क्रममा हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनमा कक्षा १० मा पढ्ने विद्यार्थीहरु प्रशंसा अर्याल र असीम कुइँकेलसँग समृद्ध समाज दैनिकको संवाददाता सुप्रभा चौलागाईले पठनपाठन र विद्यार्थीको दैनिकी र नियमित क्रियाकलापमा आधारित रही कुराकानी गर्नुभएको छ । विद्यार्थीसँग गरिएको कुराकानीको सम्पादित अंश:



**प्रशंसा अर्याल/असीम कुइँकेल**
**विद्यार्थी, सिद्धार्थ शिशु सदन**

*समाजः विद्यालयमा अहिले के-के हुँदैछ ?*
**कुइँकेल**: विद्यालयको क्याप्टेन र शिक्षकहरुबीच छलफल गरेर अहिले विद्यालयमा सरसफाई गर्ने योजना बनाएका छौं । प्रत्येक कक्षामा गएर विद्यार्थी र शिक्षक सबैलाई यो अभियान सफल पर्ने विषयमा हामीले आग्रह गरेका छौं ।

*समाजः क्याप्टेन हुँदा र यो पदमा रहेर कार्य गर्दा कस्तो अनुभव हुन्छ ?*
**कुइँकेल**: मलाई सबैको नेतृत्वमा राखेर शिक्षकहरुले मसँग समन्वय गर्नुहुन्छ । मेरो हरेक मागलाई गहन रुपमा लिनुहुन्छ । मलाई यहिँबाट आफ्नो कर्तव्यको वोध हुन्छ ।
**अर्याल**: क्याप्टेन भएपछि हाम्रो धेरै भूमिका हुन्छ । हामीले आफ्नो साथसाथै पूरै विद्यालयलाई नै लिड गर्नुपर्ने हुन्छ । मैले आफु योग्य भएर भूमिका निर्वाह गरिरहेकी छु ।

*समाजः कक्षा १० को विद्यार्थी हुनुहुन्छ । एसईईको तयारी पनि गरिरहनभुएको होला । पठनपाठन कस्तो चल्दैछ ?*
**कुइँकेल**: भर्खरै हाम्रो विषयहरुको कोर्स सकिएको छ । मैले विशेषगरी विज्ञान विषयलाई बढी समय दिएको छु । यो विषय जटिल छ । र त्यसपछि गणित विषयलाई धेरै अध्ययन गर्छु ।

*समाजः विद्यालयले एसईईका लागि भनेर कतिको तयारी गराइरहेको छ ?*
**कुइँकेल**: विद्यालयले हामीहरुलाई सुरुबाट नै सहज वातावरण बनाइदिएको छ । हरेक आइतबार परीक्षा लिने गरिएको छ । यहि सातादेखि पढ्ने अभ्यास हुँदैछ ।

*समाजः विद्यालयमा कस्ता कस्ता कार्यक्रम हुने गर्दछन् ?*
**अर्याल**: हाम्रो विद्यालयले विद्यार्थीको माग र आवश्यकता राम्रोसँग बुझेको छ । विद्यार्थीको व्यवहारमा लागु हुने क्रियाकलापहरु गराईन्छ । भर्खरै विद्यालयले स्थलगत भ्रमण कार्यक्रम पनि सकाएको छ ।

*समाजः साथीहरु कस्तो हुनुहुन्छ ? कसरी पढ्ने गर्नुहुन्छ ?*
**अर्याल**: साथीहरु त मिलनसार हुनुहुन्छ । हामी समूह बनाएर पढ्ने गर्छौं । विद्यालयमा साथीहरुसँग समय बिताउँदा धेरै रमाईलो हुन्छ ।

**समाजः तपाईको पढ्ने शैली कस्तो छ ?**
**अर्याल**: म लेखेर भन्दा पनि बुझेर पढ्छु । पहिला किताब पढ्छु र त्यहाँ के भन्न खोजेको त्यो कुरालाई बुझ्ने प्रयास गर्छु ।

*समाजः भविष्यमा के बन्ने लक्ष्य राख्नु भएको छ ?*
**कुइँकेल**: सानोदेखि नै मलाई कम्प्युटरमा रुचि छ । भविष्यमा पनि कम्पुटर सम्बन्धी दक्ष जनशक्ति बन्ने विचार छ ।

*समाजः तपाईको समाजमा बसोवास गर्ने मानिस कस्तो किसिमको हुनुहुन्छ ? समाजमा तपाई कतिको सक्रिय हुनुहुन्छ ?*
**कुइँकेल**: समाजको हरेक बालमैत्री कार्यक्रमहरुमा म सक्रिय छु । मेरो समाज एकदमै बालमैत्री र सफा छ ।
**अर्याल**: मेरो समाजमा चाडपर्वको समयमा धेरै रमाईलो हुन्छ । त्यहाँ आफ्नोपन छ । मलाई हरेकले छोरी समान व्यवहार गर्नुहुन्छ । म समाजमा परिचित छु ।

*समाजः तपाईहरुको रुचिको विषय के हो ?*
**कुईंकेल**: मलाई कप्युटर र खेलकुद मन पर्छ । गीत पनि सुन्ने गर्छु ।
अर्याल: म नृत्यमा रुचि राख्छु । नृत्य गर्ने गर्छु ।

# मेरी आमा



✍ **संस्कृति लुइँटेल**

करुणाकी खानी
मेरी प्यारी आमा
ममताकी खानी
मेरी प्यारी आमा

यो धर्तीमा जन्मायौ
सारा संसार देखायौ
आफ्ना सपनाहरु मारेर
मेरा सपना पूरा गर्नतिर लाग्यौ


तातेताते भनी मिठो
तोते बोली सिकायौ
हात मेरो समाती
हिँड्ने सक्ने बनायौ

संसार कै पहिलो गुरु
तिमी नै हौ मेरो
तिमीलाई हँसाउने
चाहना छ मेरो

तिम्रै लागि गर्छु
म धेरै दुःख
तिमी हाँसे संसार नै
लाग्छ मलाई सुख

*कक्षा-९, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# चित्रकला






**आदित्य साह**
**कक्षा-४, ज्ञानदा मावि, हेटौंडा-१०**







**संत्रुज गोले**
**कक्षा-८, निर्मल मावि, हेटौंडा-१९**






**रोमिया भट्टराई**
**कक्षा-५, माउण्ड एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-८**





**सम्पूर्ण पण्डित**
**कक्षा-८, निर्मल मावि, हेटौंडा-१९**

# कमजोरी

**बालकथा**

एकजना धनी व्यक्तिकोमा सघाउने नोकर बस्थ्यो । उसको काम नजिकैको खोलाबाट पानी ल्याउनु हुन्थ्यो । जति पानी ल्यायो, त्यसका आधारमा उसले पैसा पाउँथ्यो । पानी ल्याउनका लागि दुईवटा ठूला माटोका घैला थिए । त्यो नोकरले खर्पनमा ती घैला राखेर पानी ओसार्ने गर्थ्यो ।

उसले पानी ओसार्ने घैलामध्ये एउटा सद्दे थिए । अर्को घैलाको घाँटी भन्दा अलि तल प्वाल परेको थियो । सधैंसधैं काँधमा खर्पन राखेर पानी ल्याउँदा उसको टाउको र काँध झुकेको हुन्थ्यो । बाहिरबाट हेर्दा कठिनका साथ उसले पानी ल्याइरहेको जस्तो लाग्थ्यो । उसले दुवै घैलामा भरिभरि पानी बोक्थ्यो ।

खोलादेखि उसको मालिकको घरसम्म पुग्दानपुग्दै दुलो परेको घौलाको पानी आधा हुन्थ्यो । जहिले पनि ऊ डेढ घैला पानी बोकेर घरभित्र छिरिरहेको हुन्थ्यो । दुई वर्षदेखि ऊ नियमित रुपमा यही गरिरहेको थियो । यस्तोमा स्वाभाविक रुपमा सद्दे घैलालाई घमण्ड हुने गर्दथ्यो । ऊ ठान्थ्यो, म जहिले पनि पुरापुर पानी बोकिरहेको छु ।

मलाई बनाउनेले पनि कति गज्जबसँग बनाएको छ, किनभने मलाई बनाइएको जुन उद्देश्यले हो, म त्यो पूर्णरुपमा गरिरहेको छु । पुरानो र दुलो परेको घैलालाई चाहिँ आफूप्रति सधैं दुःख लाग्थ्यो । 'मलाई किन यस्तो बनाएको होला, मैमाथि किन यस्तो कमी हुनुपर्ने ?' दुलो परेको घैलाको मनमा यस्तै कुरा मनमा खेल्थे 'मलाई पनि सद्दे बनाइदिएको भए, म पनि त घैलाभरी पानी बोक्दो हुँ ।

'आफूभित्र दोषका कारण उ प्रायः दुःखी हुन्थ्यो । दुःख यति बढ्यो कि एक दिन पीडामा आफुलाई सधैं बोकिरहने मालिकसँग लजाउँदै माफी माग्यो,'मेरा कारणले गएको दुई वर्षदेखि तिमीले आधा मात्र पानी बोकिरहेका छौ । तिमी मिहिनेत त पुरै गर्छौ तर त्यो मेहनतको पुरा ज्याला पाइरहेका छैनौ ।'

पानी बोक्ने ज्यालादारले भन्यो,'जब भोलि हामी मालिककोमा जान्छौं बाटोमा फुलेका फूलहरु हेर्दै जाऊँ । तिमीलाई आनन्द लाग्नेछ । 'भोलिपल्ट ज्यालादार आफ्नो उही खर्पन र दुई घैला लिएर जब आफ्नो मालिकको घरतिर जाँदै थियो, दुलो परेको घैलाले बाटोमा ख्याल गरायो । दुलो परेको घैलापट्टि राम्रा राम्रा जङ्गली फूल फुलेका थिए । ती जङ्गली फूल ज्यादै सुन्दर देखिइरहेका थिए । पानी बोकेर मालिककोमा पुगिसक्दा त्यहि राम्रो फूलले पनि उसको अनुहारमा चमक ल्याउन सकेन । दुलो परेको घैला पुनः निरास भयो किनभने उसले बोकेको पानी ज्यालादारको मालिककोमा पुगिसक्दा आधा भइसकेको थियो । आफ्नो यो कमजोरीका कारण उसलाई हुनसम्मको पीडा र लघुताभाष भयो ।

दुलो परेको घैलाको निन्याउरो अनुहार देखेर ज्यालादारले भन्यो, 'तिमीले ख्याल गरायौ ? ती फुलेका जङ्गली फूल कसरी फुले र एकातिर मात्रै किन फुले ? लौ सुन, म तिमीलाई बताउँछु । मलाई पहिलेदेखि नै थाहा थियो । तिम्रो घाँटीमुनि प्वाल छ । र, यो प्वालको मैले सक्दो फाइदा लिएँ । मैले हामी हिंडने गोरेटोको दुवै किनारामा फूलका बिऊहरु छरिदिएको थिएँ । जब हामी त्यो बाटोबाट पानी ल्याउँथ्यौं, तिम्रो पानी ती बिऊमा पर्थे ।

तिमीले छोडेको पानीका कारण ती बिऊले चिस्यान पाए र त्यो चिस्यानका कारण हुर्किए । र आज ती मज्जाले सुन्दर फूल बनिसकेका छन् । केहीबेरको मौनतापछि ज्यालादार नोकरले भन्यो, 'अब म यी फूललाई टिप्छु र मालिकको घरभरी सजाउँछु । साँच्ची तिम्रो सहयोग नभएको भए, यी फूल यसरी उम्रिन्थे होलान ? अनि तिम्रो सहयोग नभएको भए, मेरो मालिकको घरको शोभा बढाउन सक्थें होला त ?

# साथी रितु, मुस्कान, क्रिजना



✍ **नम्रता पराजुली**

तिमी मेरो जिन्दगानी
तिमी मेरो सास
तिमी मेरो खास
तिमी मेरो जिन्दगानीको सुवास

नरीसाउ न साथी जहिले पनि
तिमी भएनौ भने टुक्रिन्छ
जिन्दगानी
तिमी नै मेरो मुटुको भाग
तिमी नै जिन्दगीको सास

साथी भनेको मान्नु जहिले पनि
दुःख पार्दैन कहिले पनि
अघि-अघि बढ्नु
सधैंभरी पढ्नु

सफलताको शिखरलाई छुनु
कहिले पनि दुःख भएभने नरुनु
सोचे भन्दा पहिले
कसैको चित नदुःखाउनु कहिले ।

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# बुधबारे बालसाहित्य विशेषबारे

मकवानपुर जिल्ला पठन संस्कृतिका हिसाबले कमजोर अवस्थामा रहेको जिल्ला हो । हामी पछिल्लो समय विद्यालय तहका विद्यार्थीलाई नै पाठ्यक्रमका पुस्तकबाहेक अन्य पाठ्यसामग्री अध्ययन गर्नुपर्ने आवश्यकताबारे बुझाउने प्रयासमा छौं । यस क्रममा हामीले ७ कक्षाभन्दा माथिल्लो कक्षाका विद्यार्थीलाई दैनिक पत्रिका विद्यालयबाटै वितरण गर्ने गरेका छौं । यो अभियानमा सहकार्य गर्ने विद्यालयप्रति आभारी छौं । विद्यार्थीलाई पत्रिकामा आफ्नै रचना अध्ययनको अवसर रह्यो भने पठनप्रति अझ बढी रुचि जागृत हुने अपेक्षा गरेका छौं । हामीले हरेक शनिबार साहित्यिक रचना प्रकाशन गर्ने गरेका छौं । शनिबारको अंकमा विद्यार्थीका रचनालाई पर्याप्त स्थान दिन सम्भव नभएका अवस्थालाई ध्यानमा राखी आजदेखि हरेक बुधबार पहिलो चरणमा पेज ३ लाई बालसाहित्य विशेषको रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौं । यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# चाडपर्व



**तृषा लामा**

चाडपर्व भन्नाले कुनै खास दिन तथा तिथिमा विभिन्न जातजातिका तथा समुदायका मानिसहरूले विशेष पर्वको रुपमा मान्ने र विभिन्न देवदेवीहरुको पूजाआजा गरी भोज भतेर खाई नाचगान गरी रमाइलो गर्ने दिनलाई भन्निछ । मेलपात भन्नाले धेरै मानिसहरू एकै ठाउँमा जम्मा भई मनाउने जात्रा, यात्रा तथा उत्सवहरु हुन् । जात्रा भन्नाले साधारणतया हामी देवदेवीको रथयात्रा, खटयात्रा आदिलाई भन्छौं ।

परम्परा भन्नाले धेरै समय अघिदेखि चलिआएका विभिन्न किसिमका रीतितिथि, प्रचलन तथा प्रथाहरू हुन् । नेपाल अनेकतामा एकताको अदभुत संगम भएको एउटा सुन्दर राष्ट्र हो । जहाँ अनेक धर्म भाषाभाषी, जातजाति, सम्प्रदायका मानिसहरु एउटै मालामा विभिन्न फूल गाँसिए सरी रहेका छन् । यहाँका हरेक जाति, धर्म र सम्प्रदायको आआफ्ना संस्कृतिक समपति छ जो विभिन्न चाडपर्वको रूपमा हाम्रो समाजमा चलन चल्तीमा रहेको छ ।

यहाँ प्रसस्त जातजाति र उपजातिहरु छन् । त्यसैको अनुपतामा ती चाडपर्वहरु मनाइन्छन् । यो शिलशिला वर्षभरी नै चलिरहेको हुन्छ । समान्यतया चाडपर्वलाई निम्न ९ भागमा बाँड्न सकिन्छ ।

१. हर्षोल्लास सम्बन्धी पर्व
२. कृषि तथा पशु सम्बन्धी पर्व
३. दाम्पत्य जीवन सम्बन्धी पर्व
४. दाजुभाइ-दिदीबहिनी बीचको स्नेह सम्बन्धी पर्व
५. परिवार कल्याण सम्बन्धी पर्व
६. मातापिताको कल्याण तथा मुक्ति सम्बन्धी पर्व
७. पर्यटन पर्व
८. विभूति पर्व शहीद दिवस
९. विरुद्ध धार्मिक पर्व

सामाजिक झल्कोलाई प्राचिनकलादेखि डोऱ्याउँदै ल्याएको छ । नेपाली समाज, नेपाल राष्ट्रिय एकता र अखण्डताको समृद्धिका लागि यो चाडपर्वहरू महत्वपूर्ण खाँबोको रूपमा रहेका छन् । हाम्रो धार्मिक समन्वय र सामाजिक एकताको प्रतिक भएका छन् । हाम्रो सामाजिक सौहार्द्धतामा बेलाबखत परेको खाडल पुर्दै ल्याएका छन् भने सामाजिक बनौटमा देखिएको मतभेद हटाउन मद्दत गरेका छन् । चाडपर्व मनाउँदा समाज/समुदायमा एकता, सहकार्य, सहयोग, झै-झगडा नहुने हुन्छ । मेरो मनपर्ने चाडपर्वहरूको नाम दसैं, तिहार हुन् । हामी सबैजना मिलेर चाडपर्व मनाउनु पर्छ । मलाई चाडपर्व मनाउन एकदम धेरै रमाइलो लाग्छ ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# कस्तो हुनुपर्छ नयाँ बजेट



**हिमानी चौधरी**

नेपालमा विकास निर्माणको नाममा बजेट त छुट्याइन्छ तर काम भने हुन नसकेकाले बालुवामा पानी हाले सरह भएको छ । देशको समग्र विकासका लागि न्यायोचित किसिमले बजेट विनियोजन हुनुपर्छ । अनि मात्र राष्ट्र अग्रगामी दिशामा लम्कन सक्छ । विनियोजित रकम सही तरिकाले खर्च गर्ने हो भने देश नारामा मात्रै होइन विकास र प्रगतिको हिसाबले विश्वका अरु विकसित मुलुकको दर्जामा उभिन सक्छ ।

रकमको सही सदुपयोग र परि चालनले नै विकासको लक्ष्यमा पुग्न सकिन्छ । बजेट ल्याउनु कुनै ठूलो कुरो होइन । तर त्यो बजेटले देशको समग्र क्षेत्रलाई समेट्न सक्यो कि सकेन भन्ने कुरोले विशेष महत्व राख्छ । विनियोजित बजेट कति विकास निर्माणको काममा खर्च भयो कति फ्रिज भयो र कति भ्रष्टाचार भयो भन्ने विषयमा सबै गम्भीर हुनुपर्छ ।

क्यान्सर रोग जस्तै मौलाइरहेको भ्रष्टाचार पनि एक भयानक र डरलाग्दो समस्याको रुपमा देखिएको छ काम गर्ने कर्मचारीहरुलाई बढ्दो महँगीले जीवनयापन चलाउन सरकारले दिएको सुविधाले नपुगेर अरु काम गर्नुपर्ने वा भ्रष्टाचारमा संलग्न हुनुपर्ने बाध्यता पनि पर्न सक्छ । यस विषयमा पनि आउने बजेटको दृष्टि पुग्नुपर्छ । ढोका, नाङ्गा, गरिब, उत्पीडित, सीमान्तकृत, बेरोजगार जनतालाई राहत दिन सक्यो भने मात्र नयाँ बजेटको सार्थकता रहन्छ ।

*कक्षा-१०, सिद्धार्थ शिशु सदन हेटौंडा-५*



चित्रकला



**सुयोग श्रेष्ठ**
**कक्षा-४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**

# जीवनको अर्थ



**गृष्मा खतिवडा**

पढ्न र लेख्न चाहन्थें तर पाइनँ मैले
पढेर के हुन्छ घरनै समाल्ने भन्थे है सबैले

सपना हुन्छ है हाम्रो पनि बुझाउँ कसरी
कस्तो छ समाज, कस्तो छ नियम, बुझ्नै नसकी

स्वतन्त्र छ देशमा हाम्रो तर पाइन मैले
नहिँड धेरै, घर भित्रै बस, पायो दुःख है जीवनले

जीवनको प्रश्नमा दिननै पाइनँ आफ्नो है तर्क
कसरी बुझाउँ मानिसलाई हाम्रो जीवनको अर्थ

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# गीत



**सदीक्षा खतिवडा**

भारी मनमा बोकेर लान्छु भन्थ्यौ त ।
मनको आँखा खोलेर दिन्छु भन्थ्यौ त ॥

आमा र बाबाको माया दिन्छु भन्थ्यौ त
तर भने जस्तो कहाँ हुने रहेछ त ॥

हेर मनको आँखा कहाँ खोल्न पाउने रहेछ त ।
हेर कहाँ आमा र बाबाको माया पाउने रहेछ त ॥

हेर अर्काको माया कहाँ आफ्नो जस्तो हुने रहेछ त ।
हेर आफ्नो नभएसी कहाँ अर्को माया गर्छन् त ॥

मनको आँखा नभएसी कहाँ खोल्न पाउने ।
मन नै नभाएपछि कहाँ बोक्न पाउने ॥

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# मेरो जीवनको रहस्य



**स्मृति भट्ट**

आँखा झिमझिम गर्दै सुरु भएको जीवन,
त्यही आँखाबाट धेरै कुरा देख्नु रहेछ
सही ढङ्गले जीवनका अर्थ बुझ्ने कुरा
बुवाबिहीन बालबालिकाले रहेछ ।

बालापनको खुसीमा रम्नुपर्ने मन
परिवारको बिछोडमा रुनु लेखेको रहेछ
सानै हुँदा के के देखेँ
त्यो कलिलो उमेरदेखि नै भोग्न पर्ने रहेछ

केही गुनासो छैन कोहीबाट
सबैको परिवार कहाँसँगै हुन सक्छन् र
भगवान त्यति दयालु पनि छैनन्
सबैको भागमा बुवाको माया कहाँ लेख्छन् र

म आफूलाई भाग्यमानी ठान्छु
मलाई यस्तो अवसर दिएकोमा
बुवाको हात नभए पनि
आमाको ममतामई साथ दिएकोमा ।

अब एउटै इच्छा छ मेरो
जीवनलाई सफल बनाउने
मेरी आमाको आँखाको आँशु पुछेर
बुवालाई केही बनी देखाउने ।

आफूले र आमाले पाएको चोट
सायद जीवनभर भुलिन्न होला
आमाको साथमा हुर्केकी छोरीले
के गर्न सक्छे भन्ने देखाउँला ।

कसैको केही आस छैन मलाई
आमाकै साथमा बाँचेकी छु
त्यही काखमा
सदासर्वदा रम्दछु
सदासर्वदा रम्दछु

*कक्षा-८, जिएस निकेतन, हेटौंडा-५*

# देशप्रति मेरो भावना



**अप्सरा तामाङ**

गर्व गरौं सबैले मेरो प्यारो देशलाई
पौरख गरौं सबैले पाउन आफ्नो शानलाई

नगुमाऔं है सबैले आफ्नो प्यारो जगतलाई
सुख, दुख जे भए पनि नभुलौं है देशलाई

माया लाग्छ सबैलाई आफ्नो जन्मथलोको
खेली, डुली बढ्यौं है त्यही माटो हो देशको

सृजनाको दियो बाल्ने हामी नै हो देशको
त्यही दियोलाई ननिभाउँ शान जान्छ देशको

धनी, गरिब नछुट्याउने मेरो यो देशमा
मानिसले नै छुट्याइदियो धनी, गरिब, जातमा

शान्तिपूर्ण देशमा नफैलाऔं है क्रान्ति यो
मित्रताको हात बढाऔं हुन्छ पक्कै स्वर्ग यो

जातभात होइन है हातेमालो गरौं न
घृणा भाव होइन है शान्ति ल्याउन देशमा

देशको प्यारो माटोलाई हेला कहिल्यै नगरौं
विदेशलाई त्यागेर स्वदेशमै रमाऔं ।

पिच्छा होइन देशमा शिक्षा अघि बढाऔं
छातीमा हात राखेर देशको शान बढाऔं ।

*कक्षा-१०, अमर मावि, हेटौंडा-१*

# गजल



**बिकास बानियाँ**

प्रतिक्षामा हजार जुनी बिताउँला झैँ लाग्छ
माया प्रेमको भाषामा नै सताउँला झैँ लाग्छ,

बिपनामा नबोले पनि तिमीसँग
सपनामै मनका कुरा बताउँला झैँ लाग्छ,

नसके पनि तिमीलाई सुख सयलमा राख्न
हात समाई जिन्दगी नै कटाउँला झैँ लाग्छ,

जोड्न नसके पनि खुसीयाली तिम्रो जीवनमा
नराम्रा अवस्थामा दुःखलाई घटाउँला झैँ लाग्छ,

चाहे परोस् खट्न रातै दिन पनि
सम्बन्धमा आउने बाधा हटाउँला झैँ लाग्छ ॥

*कक्षा-१२, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट हेटौंडा-४*

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# श्रमिक माविको वार्षिकोत्सवको अवसरमा विविध क्रियाकलाप सुरु



*वार्षिकोत्सवअन्तर्गत खेलकुद कार्यक्रमको सुरुवात गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माविको ५८ औं वार्षिकोत्सवको अवसरमा विविध क्रियाकलाप सुरु भएको छ । ५ दिनसम्म विविध कार्यक्रमको आयोजना गरी विद्यालयले वार्षिकोत्सव मनाउँदैछ । विद्यालयले वार्षिकोत्सवको अवसरमा ५ दिने कार्यक्रम आयोजना गरेको सम्भवतः पहिलो पटक हो ।

मंगलबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीको उपस्थितिमा विद्यार्थीबीच विविध खेलकुद कार्यक्रमको उद्घाटन गरिएको विद्यालय प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभएको छ । सबै तहका विद्यार्थीको सहभागिता रहने गरी विविध खेलकुदको आयोजना गरिएको प्रधानाध्यापक दाहालले जानकारी दिनुभएको छ। वार्षिकोत्सवको अवसरमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, शिक्षक, कर्मचारीबीच पनि रचनात्मक क्रियाकलाप आयोजना गरिने बताइएको छ ।

वार्षिकोत्सवको अवसरमा शैक्षिक प्रदर्शनी, खाना महोत्सवको पनि आयोजना गरिनेछ। आगामी शनिबार पूर्वविद्यार्थीको भेला समेत गरी विद्यालयका सहयोगीलाई सम्मानसँगै विविध क्रियाकलापमा प्रथम, द्वितीय, तृतीय एवम् सान्त्वना हुने विद्यार्थीलाई पुरस्कृत गरी वार्षिकोत्सव समारोहको समापन गरिनेछ । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा ५ सय ३७ जना विद्यार्थी अध्ययनरत छन् ।

# बागमतीको सबै वडामा माओवादीको कमिटी विस्तार

समाज संवाददाता

हेटौँडाः “जनतासँग माओवादी विशेष रुपान्तरण अभियान” अन्तर्गत नेकपा माओवादी (केन्द्र) बागमती गाउँपालिका कमिटीले सबै वडामा वडा सम्मेलन सम्पन्न गरेको छ। पार्टीले पालिकाभित्रका ९ वटै वडामा सम्मेलन गरी कमिटी पनि विस्तार गरेको हो। शनिबार ९ नम्बर वडामा, आइतबार १, २, ४, ६ नम्बर वडामा र सोमबार बागमती-३, ५, ७ र ८ नम्बर वडामा गरी वडा सम्मेलन गरेको हो ।

आइतबार बागमती-१ मा भएको वडा सम्मेलनले डोर बहादुर थापाको अध्यक्षतामा २९ सदस्यीय वडा समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा प्रदिप राई, कोषाध्यक्षमा शान्तिमाया राई, सचिवमा रत्न बहादुर राई र सह-सचिव कुमार विष्ट चयन हुनुभएको छ। बागमती-२ मा राजकुमार सिन्चुरीको अध्यक्षतामा २९ सदस्यीय वडा समिति गठन भएको छ । समितिको उपाध्यक्षमा राजकुमार राई, सचिवमा प्रेम पाखिन, सह-सचिवमा विकी पहरी र कोषाध्यक्षमा सिर्जना पहरी श्रेष्ठ चयन हुनुभएको छ ।

यस्तै बागमती-३ मा भएको वडा सम्मेलनले वीर बहादुर थिङको अध्यक्षतामा समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा विजय जिम्बा, प्रमिला माझी र वीर बहादुर पाखिन चयन हुनुभएको छ । यस्तै सचिवमा अभिषेक मोक्तान, सह-सचिवमा पन्चमान तितुङ, बसन्ती माया मोक्तान र कोषाध्यक्षमा तुलसा थोकर चयन हुनुभएको छ। बागमती-४ मा भएको सम्मेलनले भूमिलाल माझीको अध्यक्षतामा २९ सदस्यीय वडा समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा मङ्गल बहादुर गोले, वीर बहादुर जिम्बा र मिलन पहरी चयन हुनुभएको छ । यस्तै सचिवमा श्याम लोप्चन, सह-सचिवमा नेमा दोर्जे थिङ, प्रमोद वाईबा र कोषाध्यक्षमा ज्योमो माया बज्यु चयन हुनुभएको छ ।

बागमती-५ मा भएको वडा सम्मेलनले विजय भोलनको अध्यक्षतामा पार्टी वडा समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा हरी बहादुर पुलामी र सोम बहादुर भोलन चयन हुनुभएको छ । यस्तै सचिवमा श्रवण माझी, सह-सचिवमा श्रीकृष्ण विक र कोषाध्यक्षमा नाङ्साल माया थोकर चयन हुनुभएको छ । बागमती-६ मा भएको वडा सम्मेलनले पुकार अस्तानीको अध्यक्षतामा २९ सदस्यीय वडा समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा जस्बिर घिसिङ, सचिवमा कमल बहादुर पुलामी, सह-सचिवमा अमृत कुमार भुजेल, दल बहादुर डिम्डुङ र कोषाध्यक्षमा सरस्वती भोलन चयन हुनुभएको छ ।

बागमती-७ मा भएको वडा सम्मेलनले अक्कल बहादुर गोलेको अध्यक्षतामा समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा पुर्ण बहादुर राई र रविन थोकर चयन हुनुभएको छ । यस्तै सचिवमा सुजन भोलन, सह-सचिवमा बालकुमार पुलामी र कोषाध्यक्षमा अमृता राना चयन हुनुभएको छ । बागमती-८ मा भएको वडा सम्मेलनल पुर्ण बहादुर थिङको अध्यक्षतामा २९ सदस्यीय समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा करण स्याङ्तान र चन्द्र बहादुर पाखिन चयन हुनुभएको छ। यस्तै सचीवमा दिल कुमार योन्जन, सह- सचिवमा विरेन्द्र समाल र कोषाध्यक्षमा विष्णुमाया घलान चयन हुनुभएको छ ।

बागमती-९ मा भएको वडा सम्मेलनले अशोक रखालको अध्यक्षतामा २९ सदस्यीय वडा समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा सुरेश लोप्चन, सचिवमा सूर्य बहादुर घलान, सह सचिवमा निराजन थापा मगर र कोषाध्यक्षमा मनकुमारी सिंजाली चयन हुनुभएको छ।

# ललितपुर एनएसएलको क्वालिफायरमा

काठमाडौँः डिफेन्डिङ च्याम्पियन काठमाडौं रेजर्सलाई ३-० ले हराउँदै ललितपुर सिटी नेपाल सुपर लिग एनएसएलको क्वालिफायरमा पुगेको छ । दशरथ रंगशालामा मंगलबार भएको खेलमा ललितपुरलाई जिताउन इमोह इजेकेलले २ तथा पापा इबोउले १ गोल गरे ।

इमोह इजेकेलले ३६ रुऔं मिनेटमा गोल गर्दै ललितपुरलाई अग्रता दिलाएका थिए । पापा इबोउ केबेले हानेको प्रहार काठमाडौंका किपर अन्जल महर्जनले पूर्ण रुपमा क्लियर गर्न नसक्दा रिबाउण्डमा अनमार्क रहेका इमोहले गोल गरे । यस्तै ४४ रुऔं मिनेटमा पापा इबोउ केबेले रिबाउण्ड बललाई गोल गर्दै अग्रता २-० बनाए । यसैगरी ५२ औं मिनेटमा इमोह इजेकेलले व्यक्तिगत दोस्रो गोल गर्दै ललितपुरलाई ३-० को अग्रता दिलाए । इमोहले निखिल कदमको फ्रिकिक सदुपयोग गर्दै हेडमार्फत गोल गरेका थिए ।

३-० ले पछि परेको काठमाडौंका कप्तान अन्जन राई दोहोरो पहेँलो कार्ड पाउँदै ७४ औं मिनेटमा बाहिरएपछि काठमाडौं झनै दबाबमा परेको थियो । ललितपुरले एनएसएल इतिहासमा चौथो खेलमा आएर काठमाडौं विरुद्ध गोल गर्दै खेल जितेको हो। फाइनल प्रवेशका लागि क्वालिफायरमा अब ललितपुरले पोखरा थन्डर्ससँग बिहीबार खेल्ने छ । लिग चरणमा शीर्ष स्थानमा रहेको पोखरा पहिलो क्वालिफायरमा धनगढी एफसीसँग टाइब्रेकरमा पराजित भएको थियो । बिहीबारको खेलको विजेताले उपाधिका लागि शनिबार धनगढी एफसीसँग खेल्ने छ। *(स्रोतः अनलाइनखबर)*

# नारायणीमा हाम फालेकी महिलाको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवनको भरतपुर महानगरपालिका-३ मा नारायणी पुलबाट हाम फालेकी महिलाको मृत्यु भएको छ । सोमबार बिहान ७ बजेर ५५ मिनेटको समयमा नाम थर नखुलेको अन्दाजी ४० वर्षीया महिला रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

महिला हाम फालेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटी गई उद्दार गरी उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा बिहान ९ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# महादेव मन्दिरमा मूर्ति अनावरण

समाज संवाददाता

फापरबारीः मकवानपुरको बागमती गाउँपालिका-६ गोल्मेराजा दरबारस्थित किराँतेश्वर महादेव मन्दिरको मूर्ति अनावरण गरिएको छ । गोल्मेराजा दरबार संरक्षण एवम् पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष जयबहादुर राईको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा किराँतेश्वर महादेव मन्दिरको मूर्ति अनावरणका साथै पुरातात्विक गोल्मेराजा दरबारको उद्घाटन गरिएको हो ।

प्रदेश सरकारबाट विनियोजित ३० लाख रुपैयाँ बजेटमा ऐतिहासिक गोल्मेराजा दरबारको घेराबारा र मन्दिर निर्माण भएको थियो । प्रमुख अतिथि बानियाँले ऐतिहासिक पुरातात्विक गोल्मेराजा दरबारको संरक्षण र मन्दिरको आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि प्रदेश सरकारबाट बजेट विनियोजन गर्ने प्रतिवद्धता जनाउँदै दरवारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सक्दो सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा बागमती गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, बागमती गाउँपालिका ६ का वडाअध्यक्ष टेकबहादुर डिम्डुङ, गोल्माराजा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भक्तबहादुर राईलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# लामा मृत फेला

समाज संवाददाता

हेटौँडाः सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-५ भोटेयमुनामा एक महिला मृत फेला परेकी छिन् । मृत फेला पर्नेमा ५० वर्षीया बसुम डोल्मा लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

लामा बिहीबार बिहान ७ बजेदेखि हराएकोमा सोमबार बिहान १० बजेर ३० मिनेटको समयमा घरदेखि १ किलोमिटर पर बारीमा मृत फेला परेकी थिइन् । लामाको शव जङ्गली जनावरले खाएको जस्तो देखिएको प्रहरीले जनाएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# महोत्सवमा क्योकोसिन कराँते प्रतियोगिता सम्पन्न



समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति संस्था नेपालको आयोजनामा जारी खेलकुद तथा व्यापार महोत्सवमा क्योकोसिन कराँते प्रतियोगिता सम्पन्न भएको छ। मंगलबार कार्यक्रम संयोजक किशोर श्रेष्ठको सभाध्यक्षतामा तथा नेपाली कांग्रेसको सहमहामन्त्री डिना उपाध्यायको प्रमुख आतिथ्यमा प्रतियोगिता सम्पन्न भएको हो ।

पुरुषतर्फको ३५ केजी समूहको प्रतियोगितामा आयुष गोले प्रथम, कर्तव्य थापा मगर द्वितीय तथा शिव वाइबा र सरोज वाइबा तृतीय भएका छन् । ४० केजी समूहबाट सुजन थोकर प्रथम, अनमोल द्वितीय र सुजन घिसिङ तृतीय भएका छन्।

प्रतियोगिताको ४५ केजी समूहबाट रिदम थापा प्रथम, सुवित महतो द्वितीय तथा साहेब खान र सुरेन्द्र थोकर तृतीय भएका छन् । पुरुषतर्फको अन्तिम ५० केजी तौल समूहबाट राकेश स्याङ्तान प्रथम, निकेर घलान द्वितीय तथा सिमन तामाङ र अरुण प्रजा तृतीय भएका छन् ।

महिलातर्फको ३५ केजी तौल समूहबाट मुना आले मगर प्रथम, विमला मोक्तान द्वितीय तथा कृपा महत र एन्जल गोले तृतीय भएकी छिन् । ४० केजी समूहबाट शिखा चौलागाईं प्रथम, सोयाङ लोप्चन द्वितीय तथा सुवानी मोक्तान र सीना मोक्तान तृतीय भएकी छिन् । महिलातर्फको अन्तिम ४५ केजी तौल समूहबाट विष्णु रुम्बा प्रथम, प्रनिसा भोलन द्वितीय तथा शिखा बिडारी र मेलिना चौलागाईं तृतीय भएकी छिन् ।

प्रतियोगिमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा ४ वटा डोजोबाट करिब ७२ जना खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा मकवानपुर जिल्ला क्योकोसिन कराँते संघका अध्यक्ष बुद्धिनाथ न्यौपाने, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गी, निवर्तमान अध्यक्ष सानु लामा, कार्यालय प्रमुख माधव कोइराला, मकवानपुर जिल्ला फुटबल संघका सचिव सुनिल लोप्चन, सदस्य आलोक स्याङ्तानलगायतको उपस्थिति रहेको थियो ।

## आजदेखि एमाले...

समृद्ध नेपाल र सुखी नेपाली, पोलिटव्यूरो सदस्य तथा मकवानपुर ईन्चार्ज देवि ज्ञवाली समृद्ध मकवानपुर सम्बन्धी अवधारणा, पोलिटव्यूरो सदस्य ईश्वरी रिजालले मिसन ८४ को कार्यभार, पोलिटव्यूरो सदस्य कैलाश ढुङ्गेलले पार्टी र जनप्रतिनिधिबीचको अन्तरसम्बन्ध, बालकृष्ण देउजाले सूचना प्रविधि प्रयोग र महत्व/प्रशिक्षण शैलीबारे प्रशिक्षण दिनुहुने सचिव सिग्देलले बताउनु भयो ।

जिल्ला कमिटी बैठकले संगठन सम्बन्धी विशेष कार्ययोजना बनाउने र प्रशिक्षण कार्यक्रम पश्चात् पार्टी र जनसंगठनको विभिन्न तहमा जिल्लाव्यापी रुपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने जिल्ला अध्यक्ष एका लाल श्रेष्ठले बताउनु भयो। प्रशिक्षक प्रशिक्षण कार्यक्रममा ४० जना सहभागी हुने बताइएको छ ।

## जेसीआई हेटौँडा लेडीको वार्षिक साधारणसभासम्बन्धी सूचना

जेसीआई हेटौँडा लेडीको वार्षिक साधारणसभा तथा निर्वाचन कार्यक्रम तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण सदस्यज्यूहरुलाई सहभागिताका लागि अनुरोध गरिन्छ ।

**तपसील**

मितिः २०८० साल पुस १३ गते शुक्रबार
समयः दिनको ३ बजे
स्थानः रोयल पार्टी प्यालेस

सुशीला पौडेल
निर्वाचन आयुक्त

डिलमाया घर्ती
अध्यक्ष
जेसीआई हेटौँडा लेडी

## जेसीआई हेटौँडाको साधारणसभा तथा निर्वाचन कार्यक्रमसम्बन्धी सूचना

जेसीआई हेटौँडाको विधान अनुसार वर्ष २०२४ का लागि हुने संचालक समितिको निर्वाचन तपशिल बमोजिमको मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले मतदानका लागि आ-आफ्नो परिचय खुल्ने नेपाली नागरीकताको प्रमाणपत्र/सवारी अनुमती पत्र/राहादानी परिचयपत्र/मतदाता परिचयपत्र मध्ये कुनै एउटा सक्कलै परिचयपत्र अनिवार्य साथमा लिई आउनहुन सम्पूर्ण मतदाताहरुलाई जानकारीका लागि यो सूचना जारी गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | मतदान नामावली प्रकाशन | २०८०/०९/१३ | विहान १०:०० बजे | जेसीआई हेटौँडा सचिवालय |
| २ | मतदाता नामावली उपर दावीविरोध | २०८०/०९/१३ | विहान १०:३० बजेसम्म | |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८०/०९/१३ | विहान ११:०० बजे | “” “” |
| ४ | उम्मेदवारी मनोनयन दर्ता | २०८०/०९/१३ | विहान ११ बजेदेखि १२ बजेसम्म | “” “” |
| ५ | उम्मेदवारहरुको नामावली प्रकाशन | २०८०/०९/१३ | दिनको १२:३० बजे | “” “” |
| ६ | उम्मेदवार उपर दाविविरोध | २०८०/०९/१३ | दिनको १२:३० देखि १:०० बजेसम्म | “” “” |
| ७ | उम्मेदवारहरुको नामावली प्रकाशन | २०८०/०९/१३ | दिनको १ बजेदेखि १:१० बजेसम्म | “” “” |
| ८ | उम्मेदवारी फिर्ता | २०८०/०९/१३ | दिनको १:१० देखि १:२० बजेसम्म | “” “” |
| ९ | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | २०८०/०९/१३ | दिनको १:३० बजे | “” “” |
| १० | उम्मेदवारहरुको तालिम | २०८०/०९/१३ | दिनको २:०० बजे | “” “” |
| ११ | उम्मेदवारहरुको अन्तरवार्ता | २०८०/०९/१३ | दिनको ४:३० बजे | |
| ११ | उम्मेदवारहरुको ककस | २०८०/०९/१४ | विहान ८:०० बजे | “” “” |
| १२ | मतपेटिका को व्यवस्थापन | २०८०/०९/१४ | विहान १२:०० बजे | “” “” |
| १३ | मतदान शुरु | २०८०/०९/१४ | दिनको १:०० बजे | “” “” |

सिनेटर पवन कुमार कंसाकार
निर्वाचन आयूक्त २०२३
जेसीआई हेटौँडा

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ